आज मिति २०८० साल भाद्र २९ गते शुक्रबारका दिन बिहान ०८:०० बजे जैमिनी नगरपालिकाका नगर प्रमुख श्री नर बहादुर पुनज्यूको अध्यक्षतामा दोश्रो नगर कार्यपालिकाको २२औं बैठक देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

नगर प्रमुख श्री नर बहादुर पुन

नगर उपप्रमुख श्री हरिहर शर्मा

वडा अध्यक्ष वडा नं. १ श्री विष्णु प्रसाद आचार्य

वडा अध्यक्ष वडा नं. २ श्री प्रेम सापकोटा

वडा अध्यक्ष वडा नं. ३ श्री कृष्ण बहादुर भुजेल

वडा अध्यक्ष वडा नं. ४ श्री चक्र बहादुर थापा

वडा अध्यक्ष वडा नं. ५ श्री ठग बहादुर क्षेत्री थापा

वडा अध्यक्ष वडा नं. ६ श्री कृष्ण बहादुर थापा

वडा अध्यक्ष वडा नं. ७ श्री केन्द्र बहादुर सुनार

वडा अध्यक्ष वडा नं. ८ श्री बिमल श्रीस राना

वडा अध्यक्ष वडा नं. ९ श्री सन्दिप थापा

वडा अध्यक्ष वडा नं. १० श्री श्रीप्रसाद थापा

कार्यपालिका सदस्य श्री भगवती शर्मा सापकोटा

कार्यपालिका सदस्य श्री चिन्तामणि दर्जी

कार्यपालिका सदस्य श्री दुर्गा देवी पाध्या

कार्यपालिका सदस्य श्री लाल बहादुर परियार

कार्यपालिका सदस्य श्री भरत वि. क.

कार्यपालिका सदस्य श्री शान्तकला शर्मा

कार्यपालिका सदस्य श्री गीता कुमारी वि.क.

कार्यपालिका सदस्य श्री शान्ती सुनार

सचिव (प्रमुख प्रशासकीय अधिकृत) श्री चेतनाथ गिरी

## बैठक कार्यसूची

१. अघिल्लो बैठक समीक्षा सम्बन्धमा ।
२. आ.व. २०८०।०८१ को हालसम्मको आय व्यय कार्यपालिकामा सार्वजनिक गर्ने र हालसम्म सम्पन्न भएका आयोजना कार्यक्रमको फरफारक गर्ने सम्बन्धमा ।
३. आ.व. २०७९।०८० मा जिन्सी शाखाबाट बार्षिक कार्यक्रम अनुसार खरिद भएका खप्ने जिन्सी मालसामानहरुको विवरण प्रस्तुत गर्ने सम्बन्धमा ।
४. आ.ले.प. शाखाबाट राय सुझाव पेश गर्ने सम्बन्धमा ।
५. बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयनको लागि सहजकर्ता छनौट गर्ने र सो का लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा ।
६. अपाङ्गता समन्वय समितिमा कार्यपालिकाबाट महिला कार्यपालिका सदस्य मनोनयन गर्ने सम्बन्धमा ।
७. हरितालिका तिज मेला सहयोग सम्बन्धमा ।
८. सार्वजनिक जग्गा तथा सडक, पूर्वाधार संरक्षण सम्बन्धमा ।
९. प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
१०. प्रमुख प्रशासकीय अधिकृतको विदाइ सम्बन्धमा ।

निर्णयहरु

१. यस अघि कार्यपालिकाको बैठकबाट गरिएका निर्णयहरुको कार्यान्वयनको सम्बन्धमा छलफल गरियो । अधिकांश निर्णयहरु कार्यान्वयनमा गइसकेको देखियो। आगामि दिनमा अझ प्रभावकारी र चुस्त ढंगले कार्यान्वयन गर्ने निर्णय गरियो ।
२. नगरपालिकाको आ.व. २०८०/०८१ को हालसम्मको आय र व्यय विवरण प्रस्तुत गरियो । जस अनुसार आ.व. २०८०/०८१ मा आम्दानी रु. २१,७१,७१,३१९।८५ र खर्च रु. ६८,३८,२८५।२८ भएको पाइयो । उपरोक्तानुसारको प्रगति र आय व्यय विवरण अनुमोदन गर्ने र नगरपालिकाबाट यस आ.व. को विभिन्न मितिमा भुक्तानी भएका आयोजना तथा कार्यक्रम तर्फको रकम र अन्य विभिन्न शिर्षकमा भएको प्रशासनिक तथा अन्य खर्च रकम फरफारक गर्ने निर्णय गरियो ।
३. आ.व. २०७९।०८० मा जिन्सी शाखाबाट बार्षिक कार्यक्रम अनुसार खरिद भएका खप्ने जिन्सी मालसमानहरुको विवरण कार्यपालिकामा प्रस्तुत गरी छलफल गरियो । जिन्सी मालसामानहरुको उचित संरक्षण गर्दै मितव्ययी तरिकाले प्रयोग गर्ने निर्णय गरियो ।
४. आ.ले.प. शाखाबाट आन्तरिक लेखापरीक्षणको क्रममा दिइएका राय सुझाव कार्यपालिकामा छलफल गरियो । प्राप्त सुझावहरुलाई आगामि दिनमा कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।
५. जैमिनी नगरपालिकालाई आगामी २०८२ चैत्र मसान्तभित्र बालमैत्री स्थानीय शासन युक्त नगरपालिका घोषणा गर्ने नगरपालिकाको नीतिगत व्यवस्था भए अनुसार सोको लागि सघन बालमैत्री कार्यक्रम सचालन

गर्ने सन्दर्भमा प्रत्येक वडामा एक/एक जना र नगरपालिकामा एक जना गरी जम्मा ११ जना बालमैत्री क्षेत्रमा मात्र कार्य गर्ने सहजकर्ता आवश्यक भएको र हाल नगरपालिकामा मौजुदा कर्मचारीहरुबाट उक्त कार्य सम्पादन गर्न कठिनाई हुने भएकोले प्रत्येक वडामा एक/एक जना र नगरपालिकामा एक जना गरी जम्मा ११ जना सहजकर्ता छनौट गर्ने । सहजकर्ताको पारिश्रमिकको सन्दर्भमा नगरपालिकामा कार्यगर्ने सहजकर्ताको हकमा प्रतिमहिना रु. २५०००।– र वडामा कार्यगर्ने सहजकर्ताको लागि प्रति सहजकर्ता प्रतिमहिना रु. १७५००।– उपलब्ध गराउने र उक्त कार्यको लागि नगरपालिकाको करार सेवा शुल्क शिर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

६. अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५ को दफा ६ को उपदफा (१) बमोजिमको समितिमा नगरपालिकाको महिला सदस्य श्री भगवती शर्मा सापकोटालाई सदस्य तोक्ने निर्णय गरियो ।

७. २०८० सालको हरितालिका तिज विभिन्न वडामा विविध साँस्कृतिक कार्यक्रम सहित मर्यादित र शिष्ट तरिकाले वडास्तरबाटै संयोजन गरी मनाउने र सो का लागि नगरपालिकाबाट अन्य वडाहरुको हकमा प्रति वडा रु. ३०,०००।–र वडा नं. ६ को हकमा रु. ४५,०००।– आर्थिक सहायता बजेटबाट उपलब्ध गराउने निर्णय गरियो ।

८. नगरपालिकाभित्रका सार्वजनिक, सरकारी जग्गा तथा सडक, पूर्वाधार क्षेत्रमा विभिन्न व्यक्ति, व्यवसायीहरुले अतिक्रमण गर्ने लगायतको कार्य भैरहेको सन्दर्भमा सो को संरक्षणको लागि नगरपालिकाबाट सम्पूर्ण नगरवासी, व्यवसायी, सामाजिक संघ संस्थाहरुको जानकारीको लागि सार्वजनिक सूचना जारी गर्ने र सार्वजनिक, सरकारी सम्पत्ति संरक्षण गर्ने निर्णय गरियो ।

९. बागलुङ जिल्लाका जैमिनी नगरपालिका, बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका र गल्कोट नगरपालिकाका महिला र दलित तथा अल्पसंख्यक जनप्रतिनिधिहरुको क्षमता अभिबृद्धि गर्नको लागि विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्था, निकायहरुमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

१०. यस कार्यालयमा मिति २०७९।०६।०६ मा हाजिर भई कामकाज गरिरहनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री चेतनाथ गिरीज्यूको श्री शिवराज नगरपालिका कपिलवस्तुमा सरुवा भई मिति २०८०।०६।०१ देखि लागु हुने गरी रमाना लिनु भएकोमा निजले यस पालिकामा पुऱ्याउनु भएको सेवा प्रवाह र योगदानको उच्च मुल्याङ्कन गर्दै निजको सुस्वास्थ्य, दीर्घ जीवन एवं निजामती सेवामा उत्तरोत्तर प्रगतिको कामना सहित विदाई गर्ने निर्णय गरियो ।

Shagun